समग्र निजी क्षेत्रका समस्या समाधानमा सहयोग गर्न महासंघलाई आग्रह

आर्थिक संवाददाता
काठमाडौं, चैत ८

नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत सदस्य संघका पदाधिकारीहरूले समग्र निजीका समस्या समाधानमा सहयोग गर्न महासंघलाई आग्रह गरेका छन् । महासंघको वस्तुगत परिषद्ले सदस्य संस्थाका नवनिर्वाचित कार्यसमितिको सम्मानमा आयोजना गरेको कार्यक्रममा सहभागी संघका अध्यक्षहरूले उद्योगी व्यवसायीको समस्या समाधानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न महासंघसँग आग्रह गरेका हुन् ।

कार्यक्रममा नेपाल निर्यात परिषद्का अध्यक्ष रेशम बहादुर पोखरेलले 'वस्तु विकास गरौं र निर्यात बढाऔं' भन्ने कुरालाई एक अभियानका रूपमा अगाडि लैजान एक्लै नसकिने भएकोले यसमा महासंघको साथ खोजेको बताएका थिए । कच्चा पदार्थमा लाग्ने भन्सार महशुल, चर्को बैंक ब्याजदर, ट्रान्जिटका लागि पाउने सुविधाहरूलगायतका विषयहरूमा पनि महासंघले पहल गरिदिनुपर्ने उनको भनाइ थियो । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले आफ्ना हक, हितको संरक्षण एवं समस्याहरूको समाधान गर्न एक्लो प्रयासले मात्र सम्भव नहुने भएकोले महासंघको साथ जरूरी रहेको बताए । हाल निर्माण सामग्रीमा भएको मूल्यवृद्धिलाई सम्बोधन गर्न सरकारसँग अनुरोध गरिएको र यसमा महासंघको पहलको आवश्यकता रहेको उनको भनाइ थियो । साना उद्योगी व्यवसायीको हितका लागि सामूहिक ऐक्यबद्धता आवश्यक रहेको उनले बताए ।

नेपाल बोटल वाटर उद्योग संघका महासचिव गोकुल थापाले उद्योग सञ्चालन गरेबापत फौजदारी अभियोगमा मुद्दा खेप्नुपरेको भन्दै उक्त समस्या समाधानमा महासंघले पहल गर्नुपर्ने बताए । हाल राष्ट्रिय सभामा रहेको खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी विधेयक जस्ताको तस्तै पारित भए मुलुकभित्र खाद्यसम्बन्धी कुनै पनि उद्योग व्यवसाय गर्न नसकिने अवस्था आउने उनको भनाइ थियो । महिला उद्यमी महासंघ नेपालका अध्यक्ष निरू रायमाझी खत्रीले नीतिगत व्यवस्था, वित्तीय पहुँच, बजार प्रवर्द्धन, क्षमता अभिवृद्धिलगायतका विषयहरूमा सरकारसँग पहल गर्न महासंघको सहयोग आवश्यक रहेको बताइन् । नेपाल विप्रेषक संघका अध्यक्ष चन्द्र टण्डनले विप्रेषण भित्र्याउन निजी क्षेत्रको ठूला भूमिका रहेकाले यसलाई सबल बनाउनेतर्फ ध्यान दिन आग्रह गरे । सरकारले दिने सानो सेवा सुविधा पनि यो क्षेत्रका लागि ठूलो अवसर हुने भएकाले महासंघसँग सहकार्य गरी अगाडि बढ्नुपर्नेमा जोड दिए ।

रेष्टुरेन्ट एण्ड बार एसोसिएसनका अध्यक्ष अरनिको राजभण्डारीले दैनिक १०/१२ करोडको कारोबार हुने रेष्टुरेन्ट एण्ड बार व्यवसायलाई सरकारले उद्योगको मान्यता नदिएकोमा दुःखेसो पोखे । कतिपय समयमा सरकारको कमजोर नीतिगत निर्णयका कारण श्रमिक र रोजगारदाताबीचको सम्बन्धमा यदाकदा समस्या आउने गरेको बताए । सदस्यहरूका समस्यालाई समयमै सम्बोधन गर्न पनि उनले महासंघलाई आग्रह गरे । नेपाल पशुपक्षी औषधि व्यवसायी संघका अध्यक्ष पूर्णचन्द्र सापकोटाले पशुपक्षीको औषधि व्यवसायमा आबद्ध उद्यमी व्यवसायीहरु समस्यै समस्याको भुमरीमा फसेको अनुभूति भएकाले महासंघको ठूलो साथ र सहयोगको खाँचो रहेको बताए । सरकारका सम्बन्धित निकायहरु बीच सहकार्य एवं सामञ्जस्यता नहुँदा निजी क्षेत्र मर्कामा परेको उनको भनाइ थियो । पशुपक्षीको सुरक्षाका औषधिहरूमा लाग्ने कर छुट हुनुपर्ने, औषधि ऐन २०३५ को तत्काल खारेज गरी नयाँ ऐन ल्याउनुपर्नेमा पनि उनले जोड दिए ।

महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले सदस्यहरूका समस्या समाधान र नीतिगत सुधारमा महासंघ सधैं सदस्यहरूसँगै रहेको बताए । अनपेक्षितरूपमा ब्याज दर वृद्धि भइरहेकाले उद्योगी व्यवसायीहरूमा मर्का परेको उनको भनाइ थियो । विद्यमान तरलता र ब्याजदर वृद्धिको समस्यामा निजी क्षेत्रको सामूहिक आवाज आउनुपर्ने उनले बताए । कार्यक्रममा महासंघका वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष अन्जन श्रेष्ठले सदस्य संघहरूलाई महासंघले सदैव सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । सरकारमा उद्योगी व्यवसायीहरूप्रति हेर्ने दृष्टिकोण कहिल्यै परिवर्तन नभएको आभाष भएको सभापति श्रेष्ठको दुःखेसो छ । उनले भने, 'सरकारले उद्योग व्यवसायसँग सम्बन्धित दुई दर्जनभन्दा बढी ऐनहरु परिमार्जन गऱ्यो तर यसमा उद्योगी व्यवसायीहरूलाई दण्ड र सजायका कुराहरूमा मात्र बढी जोड दिइएको देखियो ।' यसबारे सामूहिक धारणा बनाएर आवाज उठाउनुपर्नेमा उनले जोड दिए । साना तथा मझौला उद्यम व्यवसायीहरूका लागि वित्तीय पहुँचमा सहजता पुऱ्याउन महासंघले नेपाल राष्ट्र बैंकसँग पहल गर्दै आएको पनि उनले जानकारी दिए । साथै उनले स्वदेशी वस्तुको प्रयोग गर्ने सरकारको नीतिको प्रभावकारी कार्यान्वयनमा समेत जोड दिए ।

महासंघका अर्का उपाध्यक्ष रामचन्द्र संघाईले ब्याजदरको वृद्धि, रेमिट्यान्समा गिरावट, मुद्रा सञ्चिति घट्दै जाँदा अर्थतन्त्र दबाबमा रहेको र त्यसको प्रत्यक्ष प्रभाव उद्योगी व्यवसायीमा समेत परेकाले महासंघले समस्या समाधानमा निरन्तर पहल गर्दै आएको जानकारी दिए । उनले सदस्य संघहरूका क्षेत्रगत समस्या समाधानमा महासंघले सधैं उच्च प्राथमिकता दिने प्रतिबद्धता समेत जनाएका थिए । हालै निर्वाचन सम्पन्न भएका महासंघका वस्तुगत सदस्य संघहरूका अध्यक्ष एवं पदाधिकारीहरूलाई आइतबार महासंघ सचिवालयमा बधाई स्वागत कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाली बजारमा ओप्पो ए७६ सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, चैत ८

स्मार्टफोन ब्राण्ड ओप्पोले नेपालमा आफ्नो ए सिरिजअन्तर्गत नयाँ स्मार्टफोन ओप्पो ए७६ सार्वजनिक गरेको छ । ओप्पो ए७६ले ओप्पोको स्वामित्वको ओप्पो ग्लो डिजाइन निर्माण प्रक्रियाको परम्परालाई निरन्तरता दिँदै स्टाइलिस तथा टिकाउ उत्पादन पस्केको जनाएको छ ।

कम्पनीका अनुसार यसको ग्लो डिजाइन हेर्दा आकर्षक हुनुका साथै बोक्दा पनि उत्तिकै सहज तथा आरामदायी छ । यो फिंगरप्रिन्ट र धूलो प्रतिरोधात्मक पनि छ । ग्लोइङ ब्ल्यू (नीलो) र ग्लोइङ्ग ब्ल्याक (कालो) गरी दुई आकर्षक रंगमा उपलब्ध यो फोन पहिलेका फोनको तुलनामा अझ हल्का, चहकिलो र थप टेक्सचर्ड रहेको कम्पनीको भनाइ छ । ओप्पो ए७६मा ८९.९ प्रतिशत स्क्रिन-टु-बडी रेसियो र पञ्च होल डिस्प्ले डिजाइनसहितको ६.५६ इञ्चको एचडी डिस्प्लेको प्रयोग गरिएको छ । भिडियो हेर्दा तथा गेम खेल्दा सहज तथा आरामदायी अनुभव प्रदान गर्न यसमा अझ प्रतिक्रियात्मक ९० हज रिफ्रेश रेट र १८० हज टच स्याम्प्लिङ रेट डिस्प्ले उपलब्ध गरिएको छ । फोनको साइडमा फिंगरप्रिन्ट सेन्सर दिइएको छ । फोनको साइडमा दिइएको यो पातलो फिंगरप्रिन्ट सेन्सर र बटन्सले फोनलाई अझ हल्का, पातलो, बोक्दा आरामदायी र हेर्दा थप आकर्षक बनाएको छ ।

साथै ओप्पो ए७६मा ३३ वाट सुपरभोक चार्जिङ सुविधासहितको पाँच हजार एमएएच क्षमताको ब्याट्री पनि जडान गरिएको छ । यसमा रहेको फास्ट चार्जिङ प्रविधिको सहायताले फोनलाई मात्र पाँच मिनेट चार्ज गर्दा ३.५ घण्टाको टकटाइम पाउन सकिन्छ । यस फोनका साथमा ओप्पोले हार्डवेयरका साथै सुपर पावर सेभिङ्ग मोड, सुपर नाइटटाइम स्ट्यान्डबाई र अप्टिमाइज्ड नाइट चार्जिङलगायत फिचरमार्फत ब्याट्रीको क्षमतामा सुधार दिँदै टिकाउ तथा सुरक्षित प्रयोग अनुभवको सुनिश्चितता प्रदान गरेको जनाएको छ । क्वालकम स्न्यापड्रागन ६८०द्वारा सञ्चारित ओप्पो ए७६ मल्टिटास्किङका लागि समेत उपयुक्त छ । ६ जीबी प्लस १२८ जीबी क्षमताका साथमा सार्वजनिक यस फोनमा अतिरिक्त सञ्चय क्षमताको आवश्यकता परेमा यसमा १ टीबी क्षमतासम्मको माइक्रोएसडीको प्रयोग गर्न सकिन्छ ।

नयाँ हार्डवेयर परफरमेन्सको फाइदा लिन ओप्पोले सफ्टवेयर सुदृढीकरण पनि प्रस्तुत गरेको छ । यसमा रहेको कलरओएस ११.१मा समाहित बुलेट स्क्रिन म्यासेज, फ्लेक्सड्रप, थ्री-फिंगर ट्रान्सलेट विथ गुगल लेन्स र परिष्कृत प्राइभेसी फिचर्सलगायतले प्रयोगकर्तालाई सहज र सुदृढ प्रयोग अनुभव प्रदान गर्छ । फोनको प्रयोगमा स्मुथनेसको अनुभव प्रदान गर्न यसमा प्राविधिक अनुकूलनका रूपमा सिस्टम बुस्टर पनि दिइएको छ । साथै, लिंक बुस्ट २.०ले प्रयोगकर्ता बौद्धिकरूपमा कनेक्टेड रहने सुनिश्चितता प्रदान गर्दै न्यून विलम्बताका साथ उच्च गतिको इन्टरनेटको मज्जा पस्कन्छ ।

कम्पनीका अनुसार ओप्पो ए७६मा १.१२माइक्रोन र एफ २.० एपर्चरसहितको ८ एमपी अगाडि क्यामेरा दिइएको छ । यसले ३२६४×२४४८ रिजोलुसनसहितको पोट्रेट शट्स लिन सकिन्छ । यसमा दिइएको परिष्कृत एआई नेचुरल रिटचिङ ब्युटिफिकेसन प्रविधिले फ्रन्ट क्यामेराका लागि ब्लेमिस रिमुभल उपलब्ध गराई प्रयोगकर्ताका प्राकृतिक फेसियल फिचर्सको जगेर्ना गर्छ । यस्तै फोनको पछाडि रहेका डुअल रियर क्यामेरा सेटअपमा माथिल्लोपट्टि १२ एमपी एफ२.२ मेन सेन्सर र तलपट्टि सेकेन्डरीका रूपमा दुई एमपी बोके क्यामेरा उपलब्ध गरिएको छ । यो क्यामेराले सिक्सएक्स डिजिटल जुम र लगातार २० वटा कन्टिनुअस ब्रस्ट शट्स सपोर्ट गर्छ । यसमा रहेका फ्रन्ट र रियर दुवै क्यामेराले एचडीआर सपोर्ट गर्छन् । यसले अध्याँरो स्थानमा समेत विवरणको संरक्षण गर्ने क्षमता राख्छ । कम्पनीले यसको बजार मूल्य २९ हजार नौ सय ९० रूपैयाँ तोकेको छ ।

बेनेलीको 'सोझै २५ हजार क्यास डिस्काउन्ट' अफर

आर्थिक संवाददाता
काठमाडौं, चैत ८

इटालीको उत्कृष्ट बाइक, बेनेलीले नयाँ क्याम्पेनअन्तर्गत 'सोझै २५ हजार क्यास डिस्काउन्ट', नो सेयर, नो लक, नो स्क्र्याच कुपन योजना ल्याएको छ । नेपाली नयाँ वर्ष २०७९ को अवसरमा नेपालमा रहेका बेनेली बाइक र स्कुटरका सबै भेरियन्टका लागि कम्पनीले २५ हजार रूपैयाँसम्मको नगद छुटको घोषणा गरेको हो ।

बेनेली बाइकका सबै नयाँ ग्राहकहरूले यो नगद छुट प्राप्त गर्न सक्नेछन् । यो अफर नगद, फाइनान्स वा एक्सचेन्जबाट गरिएको कुनै पनि खरिदमा उपलब्ध रहेको कम्पनीले जनाएको छ । इटालियन ब्राण्ड बेनेलीका प्रिमियम, प्रिमियम प्लसर टुर सेग्मेन्ट बाइकहरू नेपालमा उपलब्ध छन् भने हालै सार्वजनिक भएको स्कुटर बेनेली पनेरा १२५ लोकप्रिय बन्दै गएको कम्पनीको दाबी छ । बेनेली बाइकहरू अत्याधुनिक सुविधाहरू, स्टाइलिस डिजाइन र शक्तिशाली इन्जिनका कारण विश्वभर लोकप्रिय मानिन्छन् । कम्पनीका अनुसार सबै प्रकारका

राइडरहरूको आवश्यकता पूरा गर्ने बेनेलीको १५० सीसीदेखि ७५२ सीसीसम्मका विभिन्न बाइकहरू नेपालमा उपलब्ध छन् । बेनेली ब्रान्ड परिष्कृत सुविधा, स्टाइलिस डिजाइन र शक्तिशाली इन्जिनका लागि विश्वव्यापी रूपमा परिचित छ ।

नेपालमा उपलब्ध बेनेलीका उत्पादनहरूमा टीएनटी १५ आफ्नो सेग्मेन्टमा सबैभन्दा किफायती जसमा ट्रेनिर फ्रेम, अपसाइड डाउन फोर्क्स र ईएफआई (इलेक्ट्रोनिक फिउल इन्जेक्सन) छ । यस्तै १८० एस आक्रामक तर आरामदायी छ । टीआरके २५१ प्यारालाल ट्विन इन्जिनसहित साहसिक यात्रा गर्नेहरूका लागि डिजाइन गरिएको हो । ७५२ एसले नेपालका बाटोहरूका लागि थप शक्ति र बल प्रदान गर्ने कम्पनीले जनाएको छ । बेनेलीले भर्खरै ९४ किलो तौलसहित थुप्रै सुविधाहरू रहेको पनेरा १२५ नेपालमा उपलब्ध गराएको छ । बेनेलीले यसका उत्पादनहरूको आफैं टेस्ट राइड गरेर परीक्षण गर्न र यसमा रहेको फरक अनुभूति लिन सुझाव दिएको छ ।

नेपालमा स्थापना भएदेखि नै बेनेलीले आफ्ना ग्राहकका लागि विभिन्न योजना र अफरहरू ल्याइरहेको छ । कम्पनीले यो नयाँ वर्षको अफरले निरन्तर बढिरहेको सात हजारभन्दा धेरै उत्साही राइडरहरूको परिवारमा थप वृद्धि ल्याउने विश्वास लिएको छ । छ वर्षभन्दा बढी समयदेखि केटीएम इन्टरनेशनल ट्रेडिङ प्रालि नेपालका लागि एक सय १० वर्ष पुरानो इटालियन ब्रान्ड बेनेलीको एकमात्र आधिकारिक वितरक र बिक्रेता हो ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति :- २०७८/१२/०९

यस डिभिजनको मिति २०७८/१०/२८ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं IFB–06–2078/79 अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये तपसिलबमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राहीदेखि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	स्वीकृतिका लागि छनौट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना	कबोल अंक(म्.अ.कर PS समेत)
१	RDCNP/33701169-078/79-36	श्री समग्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., चन्द्रपुर-५, रौतहट	रु.७६०२८०७।२४
२	RDCNP/33701169-078/79-37	श्री बाबा बिश्वकर्मा निर्माण सेवा, हर्दिया-२, रौतहट	रु.९७३७४३०।३५
३	RDCNP/33701169-078/79-38	श्री बजरंगवली निर्माण सेवा, कनकपुर-९, रौतहट	रु.२६०२९५५।००
४	RDCNP/33701169-078/79-39	श्री शिवशक्ति निर्माण सेवा, गंगापिपरा-३, रौतहट	रु.२९६७४३४।०९
५	RDCNP/33701169-078/79-40	श्री अमन कन्स्ट्रक्सन, गौर-५, रौतहट	रु.३२५४४००।००
६	RDCNP/33701169-078/79-41	श्री समग्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., चन्द्रपुर-५, रौतहट	रु.२८२३६९६।६४

डिभिजन प्रमुख

खल्तीबाट निःशुल्क बैंक ट्रान्सफर

आर्थिक संवाददाता
काठमाडौं, चैत ८

पैसा ट्रान्सफरलाई अझै सजिलो र सरल बनाउन खल्ती डिजिटल वालेटले निःशुल्क बैंक ट्रान्सफर गर्न सकिने सुविधा उपलब्ध गराएको छ । यसमार्फत प्रयोगकर्ताहरूले निशुःल्क रूपमा खल्तीमार्फत कुनै पनि बैंक खातामा तत्काल पैसा पठाउन सक्नेछन् ।

कम्पनीका अनुसार यो अफर प्रयोगकर्ताहरूका लागि बैंक ट्रान्सफर प्रक्रियालाई सरल र सजिलो बनाउन गरिएको खल्तीको प्रयासको एक हिस्सा हो । खल्तीको प्रतिकारोबार सीमा रकम ५० हजार रूपैयाँ र प्रतिदिन एक लाख रूपैयाँ रहेको

छ । प्रयोगकर्ताहरूले सजिलैसँग यो रकम कुनै पनि बैंकहरूमा ट्रान्सफर गर्न सक्नेछन् । यो अफर सोमबारदेखि लागू भई आगामी वैशाख ६ गतेसम्म लागू हुने कम्पनीले जनाएको छ । खल्तीका प्रमुख कार्यकारी अधिकृत विनय खड्काले यो अभियानले डिजिटल फन्ड ट्रान्सफर र प्रयोगकर्ताहरूको बचत गर्ने बानीलाई बढावा दिने अपेक्षा गरिएको बताए । 'खल्ती'ले नेपालको फिटनेक उद्योगमा आफूलाई युवा प्रचलित र नवीन ब्रान्डको रूपमा स्थापित गराएको छ ।

पुल योजना पूर्वी क्षेत्र सेक्टर नं.१ धरानको स्पष्टीकरण पेश गर्ने सम्बन्धी

अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७८/१२/०९

तपसिलबमोजिम कार्यहरुको लागि सडक विभाग पुल महाशाखा तथा अन्तर्गतको कार्यालयसँग खरिद सम्झौता भएको र यस कार्यालयबाट बारम्बार गरिएको मौखिक तथा लिखित आग्रहहरुको बेवास्ता गरी निर्माणकार्य सम्पन्न गर्नेतर्फ निर्माण व्यवसायीद्वारा कुनै किसिमको पहल नगरी न्यून कार्यप्रगति भएको र निर्माणकार्य अलपत्र छोडी चरम लापरबाही गरेको देखिन्छ । यसरी खरिद सम्झौताबमोजिमको निर्माणकार्यहरु सम्पन्न गर्नतर्फ चासो नदेखाई बेवास्ता गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भएबमोजिम ठेक्का सम्झौता तोडी कार्यसम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्न सिफारिस गर्ने, हर्जना असुल गर्ने, बाँकी निर्माणकार्यको मूल्यांकन गरी ठेक्का सम्झौताबमोजिम सरकारी बाँकीसरह असुलउपर गर्नेलगायतका कारबाही प्रक्रिया किन अगाडि नबढाउने, कारबाही अगाडि बढाउनु नपर्ने कुनै मनासिब कारण भए यो सूचना प्रकाशन मितिले सात (७) दिनभित्र यस कार्यालयमा कम्पनीको आधिकारिक प्रोपाइटर स्वयम् उपस्थित भई पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको बेवास्ता गरेमा वा कुनै मनासिब कारण पेस हुन नआएको खण्डमा तुरुन्त कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

सि.नं.	कामको नाम	ठेक्का नम्बर	निर्माण व्यवसायीको नाम
१	Design and Build of Two Bridge Package III 1. Dudhkoshi (Sunkoshi) River bridge, Beltar-Ranitar-Bhojpur Road. 2. Dudhkoshi (Sunkoshi)River Bridge, Gaighat-Saune-Dhaplang-Chisapani Road .	BBPCU-DB-072/73-016	M/S Rasuwa-SNS-Pappu JV, Kathmandu.
२	Turke Khola Bridge, Kerabari-9, Morang	SMBCP-070/71-015	M/S Nilgiri National JV, Puranobaneshwar, Kathmandu .

योजना प्रमुख